# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

२०७४

प्रदेश नं. २, नेपाल


पत्र संख्याः- २०७८।०७९

चलानी नम्बरः- ८६२

मिति ..........२०७८।१०।०३.

विषयः- आवश्यक सहयोग र समन्वय सम्वन्धमा ।

श्री वडा कार्यालय सबै

कविलासी नगरपालिका, सर्लाही ।

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७८।०७९ च.नं.२२७ मिति २०७८।०९।२० को पत्र तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.नं.म.वै./३२१/३४३४ मिति २०७८।०९।०८ को पत्र मार्फत सङ्क्रामक रोग ऐन,२०२० को दफा २ वमोजिम जारी आदेश संशोधन सम्वधी विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०९।०८ को निर्णय संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम आवश्यक कार्य, सहयोग र समन्वय हुन अनुरोध छ ।

१०।२

गिरीश कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**

श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।

श्रीमान् उप प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा, कविालसी नगरपालिका (Web site मा Upload गरिदिनु हुन ।)


इमेल ठेगानाः- kabilasimun@gmail.com

वेबसाईटः- www.kawilasimun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सर्लाही, मलंगवा

[redacted]

[redacted]

मितिः २०७८।०९।२९

प.सं. ०७८/०७९, च.नं.

## जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट जारी आदेश ।

कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै यसको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारिश एवं गृह मन्त्रालयको निर्देशानुसार र जिल्ला कोभिड संकट व्यस्थापन समिति सर्लाहीको मिति २०७८।०९।२९ गते बसेको बैठकको निर्णय तथा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८।०९।२९ गते राती १२:०० बजे देखि अर्को सूचना जारी नभएसम्म लागू हुने गरी तपसिल बमोजिमको आदेश जारी गरिएको छ ।

तपसिलः

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी राजनीतिक, आर्थिक, सामाजिक, व्यवसायिक तथा अन्य गतिविधिहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, पटक पटक साबुन पानीले मिचिमिचि हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने र नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्ने/गराउने ।

२. २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला तथा महोत्सवहरु एवं सामाजिक लगायतका कार्यहरु नगर्ने/गराउने । अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र स्वास्थ्य मापदण्डको पालना गरी, गराई गर्ने व्यवस्था मिलाउने ।

३. सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेण्ट, सिनेमा हल, रंगशाला पार्क आदि) मा प्रवेश गर्दा मिति २०७८ माघ ७ गते देखि कोभिड -१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुको खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने ।

४. स्वास्थ्य कार्यालय सर्लाहीले स्थानीय तहसँग समन्वय गरी सीमाना लगायत सार्वजनिक स्थानहरुमा निःशूल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित परीक्षण गर्ने/गराउने ।

५. स्वास्थ्य कार्यालय सर्लाहीले स्थानीय तहसँगको समन्वयमा सबै विद्यालयका १२ देखि १७ वर्ष उमेर समूहका विधार्थीका साथै सबै नागरिकलाई अनिवार्य रुपमा एक (१) हप्ताभित्र कोभिड विरुद्धको खोप लगाइसक्ने गरी कार्यतालिका बनाई कार्यान्वयन गर्ने/गराउने ।

यानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी

## कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धी सर्वदलीय सर्वपक्षीय बैठकको मिति २०७८-[illegible] गतेको निर्णय

१. नेपाल सरकारद्वारा संचलित खोप अभियानलाई सबै स्थानीय तहहरुले प्रचारप्रसार गरी सफल पार्ने । सबै सरकारी, गैर सरकारी संघ संस्थाले यसमा सहयोग पुर्‍याउने ।

२. जिल्ला स्थित सबै स्थानीय तहले Covid Health Desk स्थापना गरी Covid-19 को परीक्षण गर्ने, खोप लगाउन सबैमा सचेतनामूलक जानकारी तथा प्रचार प्रसार गर्ने र आवश्यकता अनुसार क्वारेन्टाईन/आईसोलेसन सेन्टरहरु स्थापना गरी संचालनमा ल्याउने ।

३. अक्सिजनको अभाव हुन नदिन तथा अक्सिजनको प्रभावकारी वितरण गर्नको लागि समयमै ग्यास पलान्टहरुको मर्मत संभार, सिलिण्डर संकलन, उत्पादन र वितरणलाई व्यवस्थिति गर्न जिल्लास्थित सबै अक्सिजन पलान्ट उद्योगहरुलाई अनुरोध गर्ने । साथै HEOC को च.नं. ४६१, मिति २०७८-०९-१९ को पत्रानुसार कोभिड-१९ दोस्रो लहरको बेला प्रयोगमा आएका अक्सिजन उद्योगहरुका अक्सिजन सिलिण्डरहरुलाई सम्बन्धित अक्सिजन उद्योगहरुलाई नै हस्तान्तरण गर्ने गराउने निर्णय गरियो ।

४. सबै स्थानीय तहले कोरोना संक्रमित बिरामी बोक्ने १/१ वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने व्यवस्था गर्ने ।

५. मिति २०७८ पौष २५ बसेको DCMC बैठकको निर्णय अनुसार कोभिड-१९ का नयाँ भेरिएण्ट ओमिक्रोनको संक्रमण तथा त्यसबाट बच्न सिमा नाकासँग जोडिएका स्थानीय तहहरुले हेल्प डेस्क स्थापना गरी थर्मलगनबाट ज्वरो जाँच गरी आवश्यक देखिएमा एन्टीजेन परीक्षण समेत गर्ने । एन्टिजेन परीक्षणको लागि आवश्यक किट स्वास्थ्य कार्यालय सर्लाहीले उपलब्ध गराउने । यस कार्यमा सुरक्षा निकायहरुले आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

६. सबै स्थानीय तहमा तथा सिमा नाकामा स्थापित Health Desk लाई थप सुविधा सम्पन्न र व्यवस्थित बनाउने, चेकजाँच प्रकृयालाई कडाई गर्ने ।सुरक्षा निकायहरुले आवश्यक सुरक्षा व्यवस्था मिलाई सिमा नाकामा चेक जाँच कार्यलाई कडाई गर्ने ।

९/२९

ज्ञानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मलंगी, मलंगवा

७. "NO MASK NO SERVICE DELIVERY" "मास्क बिना सेवा प्रवाह बन्द" अभियानलाई जिल्ला स्थिति सबै सरकारी, गैर सरकारी, बैंक तथा वित्तीय संघ संस्थाले प्रभावकारी रुपमा लागु गर्ने । साथै एक हप्तासम्म मास्क लगाउन सचेतनामूलक सूचना प्रवाह गरी सबैमा अनुरोध गर्ने र सो पछि अवज्ञा गरेमा जरिवाना गर्ने/गराउने निर्णय गरियो ।

८. कोभिड-१९ को तेस्रो लहरबाट बच्न/बचाउन सबै स्थानीय तहले कोरोना लक्षित योजना बनाई आवश्यक पर्ने PPE सेट, मास्क, सेनिटाईजर खरिद गर्नुका साथै सोको पूर्व तयारी तथा प्रतिकार्य बारे DCMC लाई दिने ।

९. Covid Dedicated अस्पताल छनौट तथा संचालन सम्बन्धमा नीजि क्षेत्रका अस्पतालहरुका संचालकहरुसँग बैठक बसी आवश्यक निर्णय गर्ने ।

२०७८।१।२९

थानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी